"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा

कोशी प्रदेश, नेपाल।

प.सं.: २०८२/८३
च.नं.:

## स्थानीय बिदासम्बन्धी सूचना।

प्रकाशित मिति २०८२।०५।२५ गते

काठमाण्डौं लगायत देशका विभिन्न स्थानहरुमा "Gen Z" पुस्ताले चलाएको शान्तिपूर्ण आन्दोलनका माध्यमबाट आफ्नो आवाज सरकारसम्म पुऱ्याउन मिति २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलनका क्रममा युवाहरुले अनाहकमा जीवन गुमाउनु परेको र घाइते भएको साथै राज्यको महत्वपूर्ण सरकारी संरचनाहरु आगलागीबाट ध्वस्त भएको दुःखद घटनाले खाँदबारी नगरपालिका मर्माहत र स्तब्ध भएको छ। यस दुःखद घडीमा मृतकहरुप्रति हार्दिक श्रद्धान्जली, शोकाकुल परिवारप्रति हार्दिक समवेदना तथा उपचाररत घाईतेहरुलाई शीघ्र स्वास्थ्यलाभको कामना गर्दै मिति २०८२ भाद्र २५ गते बुधबार यस नगरपालिका अन्तर्गतका नगरकार्यपालिकाको कार्यालय, मातहतका वडा कार्यालय, स्वास्थ्य संस्था, सम्पूर्ण शैक्षिक संस्थाहरुमा आकस्मिक र अत्यावश्यक सेवा बाहेक अन्य सेवाहरु बन्द रहने गरी स्थानीय बिदा दिइएको बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

.......................
महेश थपलिया
नगर प्रमुख
खाँदबारी नगरपालिका

महेश थपलिया
नगर प्रमुख

फोन नं.: आ.प्र- ०२९-५६०२५०, शिक्षा/आर्थिक- १२१, स्वास्थ्य- ४४१, प्र.प्र.अ- १४१, उपप्रमुख- ३४१, प्रमुख २५४
वेबसाइटः www.khandbarimun.gov.np ईमेलः khandbari.mun@gmail.com